# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## मल्लरानी गाँउपालिका
## प्यूठान




महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

महेश के.सी.
प्रमुख प्रशासकीय अधिकृत

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal/Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ११९

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्षज्यू,
मल्लरानी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
प्यूठान ।

**कैफियत सहितको राय**

हामीले मल्लरानी गाँउपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. मल्लरानी गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १० लाख ७७ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८।७।१० मा प्राप्त प्रतिक्रियाबाट रू १० लाख ७७ हजार फस्यौंट भई बाँकी बेरुजू शून्य रहेको छ ।पालिकाको गतवर्ष ७ करोड ३४ लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फर्छ्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ३ करोड ७६ लाख २२ हजार रहेको छ । मल्लरानी गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. मल्लरानी गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# मल्लरानी गाँउपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७७।७८**

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्छ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७७ | १७ | १०७७ | ० | १७ | १०७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० |

## अद्यावधिक बेरुजू स्थिति

**२०७७।७८**

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फर्छ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | ७३४४७ | ० | ३५८२५ | ३७६२२ | ० | ० | ३७६२२ |

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल